# प्रदेश राजपत्र

प्रदेश नं. २, प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड३ )जनकपुरधाम,नेपाल, कार्तिक१९ गते,२०७६ साल(अतिरिक्ताङ्क ३

भाग २

प्रदेश सरकार

आन्तरिक मामिला तथा कानून मन्त्रालय

## पीडित व्यक्तिलाई आर्थिक सहायता उपलब्ध गराउने निर्देशिका, २०७६

**प्रस्तावनाः-** प्रदेशभित्रका प्रकृति प्रकोप, हिंसा, बोक्सा बोक्सी, द्धन्द एवम् तेजाव पीडित व्यक्ति तथा दुर्घट्नाबाट मृत्यु भएका व्यक्तिको

नजिकको हकवालालाई राहत स्वरुप आर्थिक सहायता उपलब्ध गराउन र यसरी उपलब्ध गराउने आर्थिक सहायतालाई पारदर्शी र व्यवस्थित बनाउन वाञ्छनीय भएकोले प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा २ बमोजिम प्रदेश नम्बर दुईको प्रदेश सरकारले देहाय बमोजिमको निर्देशिका बनाएको छ

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यस निर्देशिकाको नाम"पीडित व्यक्तिलाई आर्थिक सहायता उपलब्ध गराउने निर्देशिका, २०७६ रहेको छ।

(२) यो निर्देशिका तुरुन्त लागू हुनेछ ।

२. <u>परिभाषा :</u> विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमाः

(क) "अध्यक्ष" भन्नाले आर्थिक सहायता सिफारिस समितिको अध्यक्ष सम्झनु पर्छ।

(ख) "सदस्य" भन्नाले आर्थिक सहायता सिफारिस समितिको सदस्य सम्झनु पर्छ।

(ग) "मन्त्रालय" भन्नाले आन्तरिक मामिला तथा कानून मन्त्रालय सम्झनु पर्छ ।

(घ) "निर्देशिका" भन्नाले "पीड़ित व्यक्तिलाई आर्थिक सहायता उपलब्ध गराउने निर्देशिका, २०७६" सम्झनु पर्छ ।

(ङ) "पीडित व्यक्ति" भन्नाले प्रकृति प्रकोप, हिंसा, बोक्सा बोक्सी, द्धन्द एवम् तेजाव पीडित व्यक्ति सम्झनु पर्छ र सो शब्दले दुर्घटनाबाट मृत्यु भएका व्यक्तिको नजिकको हकवालालाई समेत जनाउँछ।

(च) "प्रकृति प्रकोप" भन्नाले आकस्मिक रुपमा आएको भूकम्प, बाढी पहिरो,आगलागी, चटयाङ्ग आदि सम्झनु पर्छ ।

(छ) "समिति" भन्नाले दफा ४ बमोजिमको आर्थिक सहायता सिफारिस समिति सम्झनु

३. **आर्थिक सहायताः** (१) प्रदेशभित्रका पीडित व्यक्तिलाई मन्त्रालयले सहयोग स्वरुप आर्थिक सहायता प्रदान गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम आर्थिक सहायता प्रदान गर्दा निजहरुको अवस्था हेरी औचित्यतताको आधारमा मन्त्रालयले आर्थिक सहायता वापत बढीमा पच्चीस हजार रुपैयाँसम्म उपलब्ध गराउन सक्नेछ।

४. **निवेदन दिनु पर्नेः** (१) दफा ३ बमोजिमको आर्थिक सहायता प्राप्त गर्न चाहने पीडित व्यक्तिले आफूले आर्थिक सहायता पाउनु पर्ने आधार र कारण खोली देहायका कागजात संलग्न गरी समिति समक्ष निवेदन दिनुपर्नेछः

(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित छायाँप्रति,

(ख) दफा ३ को उपदफा (१) बमोजिमको अवस्था रहेको भनि सम्बन्धित स्थानीय तहको शिफारिस पत्र,

**स्पस्टीकरणः** यस उपदफाको प्रयोजनको लागि “स्थानीय तह" भन्नाले गाउँपालिका वा नगरपालिका सम्झनु पर्छ ।

(२) उपदफा (१) बमोजिमका कागजात संलग्न नगरी दिएको निवेदन उपर कुनै कारवाही हुने छैन ।

(३) यस दफा बमोजिम आर्थिक सहायता उपलब्ध गराउदा प्राथमिकता निर्धारण गरी उपलब्ध गराउनु पर्नेछ ।

(४) आर्थिक सहायता उपलब्ध गराउने कार्यको अनुगमन, मूल्यांकन लगायतका व्यवस्थापन कार्य मन्त्रालयले गर्नेछ ।

५. **समितिको गठनः** (१) यस निर्देशिका बमोजिम आर्थिक सहायता निर्धारण र वितरण सम्बन्धी काम कारवाहीको सञ्चालन, रेखदेख तथा प्रवन्ध्र गर्न एक आर्थिक सहायता सिफारिस समिति रहनेछः

(२) उपदफा (१) बमोजिमको समितिमा देहायका सदस्यहरु रहनेछन्ः-

(क) मन्त्री, आन्तरिक मामिला तथा कानून मन्त्रालय -अध्यक्ष

(ख) सचिव, आन्तरिक मामिला तथा कानून मन्त्रालय -सदस्य

(ग) सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय -सदस्य

(घ) उपसचिव, आन्तरिक मामिला तथा कानून मन्त्रालय (प्रशासन तथा योजना हेर्ने) -सदस्य सचिव

(३) उपदफा (१) बमोजिमको समितिमा आवश्यकता अनुसार विज्ञ तथा कर्मचारीलाई आमन्त्रण गर्न सकिने छ ।

(४) समितिको बैठक आवश्यकता अनुसार अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(५) समितिले बैठकको कार्यविधि आफै निर्धारण गर्न सक्नेछ ।

(६) समितिका अध्यक्ष, सदस्य तथा आमन्त्रित पदाधिकारीले समितिको बैठकमा भाग लिए वापत नियम अनुसारको बैठक भत्ता पाउनेछन् ।

(७) सदस्य सचिवले समितिको काम कारबाहीको वार्षिक प्रतिवेदन प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले ३ महिनाभित्र समिति समक्ष पेश गर्नु पर्नेछ ।

६. <u>झुठा विवरण पेश गरी आर्थिक सहायता लिनु नहुने:</u> (१) कसैले पनि झुठा विवरण पेश गरी आर्थिक सहायता लिनु हुदैन ।

(२) आर्थिक सहायता रकम लिने, उदेश्यले झुठा विवरण पेश गर्ने व्यक्ति र झुठा विवरणको शिफारिसपत्र बनाईदिने शिफारिसकर्ता दुवैलाई प्रचलित कानून बमोजिम कारवाही हुनेछ।

७. <u>प्रचलित कानून बमोजिम हुने:-</u> निर्देशिकामा उल्लेख भएका कुराहरुका हकमा यसै निर्देशिका बमोजिम र अरुमा प्रचलित कानून बमोजिम हुनेछ ।

८. <u>संशोधन वा खारेजी :-</u> प्रदेश सरकारले आवश्यकता अनुसार यस निर्देशिकाको संशोधन वा खारेज गर्न सक्नेछ ।

स्विकृत मिति:-२०७६।०७।१९

आज्ञाले,
वीरेन्द्र कुमार यादव
प्रदेश सरकारको सचिव